# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## शिखर नगरपालिका

## डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३६६

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
शिखर नगरपालिका,
डोटी ।

**कैफियत सहितको राय**

हामीले शिखर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.१२ करोड १९ लाख २९ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।११।२० मा प्राप्त प्रतिक्रियाबाट रु.८ करोड ४६ लाख ५३ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु.१२ लाख ३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५७ लाख ९ हजार, नियमित गर्नुपर्ने करोड रु.१ करोड २६ लाख २१ हजार र पेश्की रु.१ करोड ७७ लाख ४३ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.७ करोड २ लाख ९ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड ७४ लाख ४३ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# शिखर नगरपालिका, डोटी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | २७ | १२१९२९ | ० | ४ | ८४६५३ | ५९ | २३ | ३७२७६ | १२०३ | १२६२१ | ५७०९ | ० | ० | १८३३० | १७७४३ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७०२०९ | 0 | ४२ | ७०१६७ | 0 | ३७२७६ | १०७४४३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : शिखर नगरपालिका, डोटी , शिखर नगरपालिका , डोटी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | परमानन्द शर्मा | २०७७-२-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रतन बहादुर माझी | २०७७-६-३ | |
| | | **बेरुजु रकम** | ३७,२७६,६२७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५,९५,६२,२९१.६९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६,५७,२३,८९० | **चालु खर्च** | ३९,२२,९४,९८८.६ |
| **प्रदेश सरकारबाट अनुदान** | १,४३,६५,१५४ | **पूँजीगत खर्च** | १६,८१,४७,७०३ |
| **राजश्व बाँडफाँट** | ९,१०,४६,८१५.९२ | **वित्तीय/अन्य व्यवस्था** | १७,९७,६३,९७७.६ |
| **आन्तरिक आय** | १,१७,६३,१४१.३९ | | |
| **अन्य आय** | १५,८०,४४,०८८.५ | | |
| **कुल आय** | ७४,०९,४३,०८९.८१ | **कुल खर्च** | ७४,०२,०६,६६९.२ |
| **बाँकी मौज्दात** | | ६,०२,९८,७१२.३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **बित्तिय विवरण**<br>**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्वेश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५८ सभा सदस्य, ५८५.३७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१ हजार ८०१ जनसंख्या रहेको छ ।<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्ने उल्लेख छ । सोही ऐनको दफा ६९ मा तोकीय बमोजिम नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन । ऐनले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैङ्क विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरेको पाईएन । | |

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा नगरपालिकाले उक्त समिति गठन गरेकोे पाईएन ।

्• नगरपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन ।

• कार्यालयले उद्बेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास अभिलेख नराखेको ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले ग्रामिण सडकहरुको मापदण्ड तोक्न सक्ने अवस्थामा सो नगरी अति साँघुरा वाटोहरुमा बजेट विनियोजन गरी खर्च गरेको पाइयो।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• निजामती सेवा ऐन, 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो। तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम व्यबस्थित गरी श्रोतको संरक्षण र उपयोग प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ३ | | | **बरबुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गर्न सुझाव दिएपनि गरेको देखिएन। नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ४ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ५ | | | **बजेट सिमा निर्धारण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा नगरपालिकाबाट एकमुष्ठ बजेट सीमा तयार गरे पनि उल्लिखित अन्य कार्यहरु गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार विषय क्षेत्रगत बजेट सीमा लगायत बजेट प्रक्षेपणको सम्बन्धमा नियम तथा कार्यविधिको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |
| ७ | | | **गत विगतको भुक्तानि**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०76। 77 मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रू. 303710। भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०77।78 को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |
| ८ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । | |

| बजेट उपशिर्षक | कुल खर्च (रु हजारमा) | चौमासिक खर्च (रु हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना | |
| चालु खर्चतर्फ | 392294 | 101094 | 88579 | 202621 | 137218 | |
| पूँजिगतखर्चतर्फ | 168147 | 11816 | 26380 | 129950 | 72156 | |
| जम्मा | 560441 | 112910 | 114959 | 332571 | 209374 | |
| प्रतिशत | | 20.15 | 20.51 | 59.34 | 37.36 | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. 560442691।60 निकासा भएकोमा प्रथम चौमासिकमा रू. 112910881।80 अर्थात २०.15 प्रतिशत, दोश्रो चौमासिकमा रू.114959773।60 अर्थात २१.51 प्रतिशत र तेश्रो चौमासिकमा रू. 332572036।20, अर्थात प्रतिशत 59.34 खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. 209374835। अर्थात 37.73 प्रतिशत खर्च भएको देखिएकाले असारमा खर्च भार बढी भएको देखिन्छ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७7।७8 को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 38082043.69 | 28402818 | 5.07 |
| २ | पूर्वाधार विकास | 113059900 | 81218091 | 14.49 |
| ३ | सामाजिक विकास | 312463300 | 287090144 | 51.23 |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 41135000 | 38129275 | 6.80 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 155598190 | 125602363 | 22.41 |
| **जम्मा** | | **660338433.69** | **560442691** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा 51 प्रतिशत छ भने आर्थिक विकासमा 5 प्रतिशत मात्र खर्च भएको अवस्था छ ।त्यसै गरी वातावरणीय संरक्षणको क्षेत्रमा रकम विनियोजन गरेको छैन । स्थानीय तहको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका सुचकहरुको आधारमा बजेट सांकेतिकरण गरी बजेटलाई समावेशी तथा दिगो विकासका स्थानीय लक्ष्य गन्तव्य र सूचकहरुको प्राप्तिमा केन्द्रित गराउनु पर्दछ ।

१०

**खर्च विश्लेषण**

नगरपालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु 1 करोड 17 लाख 63 हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु 72 करोड 61 लाख 76 हजार समेत रु73 करोड 79 लाख 39 हजारआम्दानी भएकोमा चालु तर्फ रु 39 करोड 22 लाख 94 हजारर पूँजिगत तर्फ रु १7 करोड 81 लाख 47 हजारसमेत रु ५7 करोड ४ लाख 4१ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 2.06 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु१ करोड 15 लाख 55 हजार खर्च भएको छ जुन आन्तरिक आयको 98 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट68.77 प्रतिशत चालु र


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | 31.22प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ११ | | | **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १२ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न ६ पदमा ४३ जना कर्मचारीहरु करारमा राखि रु १,८३,०३,१२८।०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ४ पदमा ३७ जना करार नियुक्ति गरी बर्षभरीमा रु ११३०३५००।०० भुक्तानी गरेको देखियो । ऐन नियमको प्रावधान अनुसार कर्मचारी व्यवस्था हुनु पर्दछ । | |
| १३ | | | **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **वडा सचिवको पदपूर्ती**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी 11 रहेकोमा पदपूर्ति 8 जना भइ 3 जना रिक्त रहेको अवस्था छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ । | |
| १५ | | | **सेवा प्रवाहको स्थिति**<br>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १7 ऐन, ४ नियमावली, 14 कार्यबिधि लगायत 35 वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |


https://nams.oag.gov.np

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | 4 |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 2168 |
| मृत्युदर्ता | 427 |
| बसाईसराई दर्ता | 494 |
| विवाह दर्ता | 514 |
| सम्बन्धविच्छेद दर्ता | निवेदन प्राप्त नभएको |
| **प'र्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | 9 कि.मि. |
| कालोपत्रे सडक मर्मत | नभएको |
| ग्राभेल सडक निर्माण | 5कि.मि. |
| ग्राभेल सडक मर्मत | 3कि.मि. |

१६

**योजना छनौट र कार्यान्वयन**

: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५÷७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन

गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्मका | रु १ लाख देखि 5 लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | 50 लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| 154 | 248 | 33 | 21 | 5 | 461 |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु ५० हजार देखि रु १ करोड सम्मका जम्मा ४६1 वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र १५४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१७

**लेखापरीक्षण प्रतिवेदन उपर छलफल**

लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्पकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।

१८

**कानून र सञ्चालनको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म १7 वटा ऐन, ४वटा नियमावली, 14 वटाकार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

१९

**न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 6 र यो बर्ष थप 14 समेत जम्मा 20 उजुरी मध्ये 1 वटा अदालतमा पठाएको र बाँकी सवै फर्छ्यौट भएको देखिन्छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| २० | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा प्रत्येक निकायले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। आन्तरिक नियन्त्रण प्रणालीको लागि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । यस आर्थिक वर्षमा कोष तथा लेखा नियन्त्रण कार्यालयबाट लेखापरीक्षण गराएको छ । नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन प्रभावकारी गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २१ | | | **कार्यविभाजन तथा सम्पादन**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यापालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ सो नियमावलीमा प्रमुख उपप्रमुख वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्ने उल्लेख भएको पालिकाले हाल सम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको छैन । कार्य विभाजन नियमावली स्वीकृत गरी स्थानीय तहलाई संस्थागत गर्नु पर्दछ । | |
| २२ | | | **स्वकिय सचिव**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहकार, प्रेस सल्लाहाकारर स्वकीय सचिवको रुपमा 3 जनालाई नियुक्त गरी मासिक क्रमश: रु. 15000।, रू.१५०००। र रु. 28828। का दरले जम्मा रू. 705930। भुक्तानी भएको छ । ऐन नियम भन्दा फरक गरी खर्च भएको र अनियमित देखिएको कार्यको आवश्यक नियन्त्रण गरी नियमित गर्नु पर्ने रु | ७०५,९३० |
| २३ | | | **दोहोरो सुविधा**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को अनूसूचि 1 (ख) बमोजिम वडाध्यक्षहरुलाई सरकारी सवारी साधन उपलब्ध नभएमा यातायत खर्च मासिक रु. 2500। दिने व्यवस्था बमोजिम पालिकाले बैक मार्फत भुक्तानी दिएको देखियो । पालिकाले 11 वटै वडामा वडाध्यक्षलाई मोटरसाइकल उपलब्ध गराएको र सो सवारी साधनलाई आवश्यक पर्ने इन्धन तथा मर्मत खर्च पनि भुक्तानी दिएको देखियो। यसरी सवारी साधान उपलब्ध गराई इन्धन तथा मर्मत खर्च भुक्तानी दिनु र मासिक यातायात खर्च रु. 2500। को दरले खर्च लेख्नु दोहोरो पर्ने देखिएकोले सवै वडाध्यक्षहरुबाट यातायात खर्च रु. 2500। का दरले 12 महिनाको हुने रु. 330000। असुल हुनुपर्दछ । | २७०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <u>**कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको वडा नं १ र १० का अध्यक्ष क्रमश श्री खडक बहादुर शाही र श्री मिन बहादुर बलायर को जम्मा रु ६००००।० मिति २०७९।१।११ मा फछ्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।**</u> | |
| २४ | | | **थप सुविधा**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को अनूसूचि 1 (ख) मा उपप्रमुखलाई सरकारी सवारी साधा उपलब्ध नभएमा मासिक रु.10 हजार सुविधा दिने व्यवस्था बमोजिम भुक्तानी दिदै आएकोमा भौचर नं. 144-077/9/16 बाट गाडी भाडा वापत रु. 45000। भुक्तानी गरेको देखिएकोले ऐनको व्यवस्था बमोजिम दोहोरो देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.<br><u>**कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ४५०००।० मिति २०७९।१।११ मा फछ्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।**</u> | |
| २५ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु 985000। आर्थिक सहायता वितरण गरेको छ जुन कूल आन्तरिक आयको 8.37 प्रतिशत हुन जान्छ । निश्चित मापदण्ड र दिगो स्रोत वेगर पटके निर्णयको आधारमा गरिने आर्थिक सहायता खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २६ | | | **अनुदान उपयोगको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २७ | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपम लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदनतथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट प्रदेश विशेष अनुदान अन्तर्गत संचालित 3 वटा योजनामा यस वर्ष खर्च भएको रु. 2042934।को 90 प्रतिशत भन्दा कम काम सम्पन्न भएको छ । तर कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। | |

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न 127 वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रु 19375000। विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमाकूल नगरपालिकाको पुँजिगत बजेटको 12 प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्तालाई जिम्मेवारी बढाई नगरपालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| २९ | | | **ठेक्का व्यवस्थापन**<br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउन विभिन्न खरिद विधिहरुको प्रावधान छ । पालिकाले यो वर्ष पुजिगत प्रकृतिका खरिदमा रु १6 करोड 81 लाख 47 हजार खर्च गरेकोमा विभिन्न 14 सिलवन्दी दरभाउपत्र मार्फत रु 56 लाख 55 हजार र ४ वोलपत्र मार्फत २ करोड 29 लाख 17 हजार समेत कूल२ करोड 85 लाख 72 हजारको खरिदमा मात्र प्रतिस्पर्धा कायम भएको छ। ८4 प्रतिशत खरिद उपभोक्ता समिति वा सोझै विधिबाट भएको देखियो । खरिदलाई प्रतिस्पर्धात्मक र खुला बनाई सार्वजनिक स्रोतको उपयोग हुनु पर्दछ । | |
| ३० | | | **कार्यालय भवन** | |
| ३०.१ | | | नगरपालिकाले कार्यालय भवन निर्माण कार्य लागत अनुमान भ्याट सहित रु. 18337713।91 को ठेक्का नं SMDOTI/NCB/076/077/07 बाट निर्माण व्यवसायि श्री विभोर निर्माण सेवा, सिलगढी डोटीलाई मिति 2077/2/32 मा मिति 2078/1/15 कार्यसम्पन्न हुने गरी भ्याट बाहेक रु. 10912215।20 (पिएस समेत) सम्झौता भएको थियो । पहिलो रनिङ विलबाट रु.2324020। र दोश्रो रनिङ विलबाट रु 10173335। गरी यस आर्थिक वर्षसम्म जम्मा रु. 12497355। भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायानुसार छनः | |
| ३०.२ | | | सार्वजनिक खरिद नियमावली, 2064 को नियम 6(3) मा निर्माणस्थलको व्यवस्था नभई र वातावरणीय अध्ययन नगरी वोलपत्र आवह्वान गर्न नहुने व्यवस्था छ । कार्यालयले आफ्नो स्वामित्वमा नभएकको पर्ती जग्गामा वातावरणीय अध्ययन समेत नगराई भवन निर्माणको खरिद सम्झौता गरी निर्माण कार्य गराएको छ । कार्यालयले जग्गाको भोगाधिकार प्राप्त गर्ने प्रकृयामा रहेको जवाफ दिएको छ । | |

३०.३

विद्युत्त ऐन, 2049 को दफा 33 र विद्युत्त नियमावली, 2050 को नियम 66 र नियम 50 मा विद्युत्त प्रशारण वा वितरण गर्नको लागि जडान गरेको 11 केभि देखि 33 केभि सम्मको भोल्टेज स्तर भएको विद्युत्त लाइन मुनी लाइनको दाँया वाँया 2 मिटरको दुरी भित्र घर वनाउन नपाइने व्यवस्था छ । उक्त दुरी भित्र नगरपालिकाले घर निर्माण गर्न नक्सा पास गर्न मिल्दैन । कार्यालयले 33 हजार भोल्टेज भएको विद्युत्त प्रशारण लाइन मुनी (विचमा) नगरपालिकाको भवन निर्माण गरिरहेको छ । उक्त भवन निर्माण कार्य कानून सम्मत भएको देखिदैन ।



३०.४

उक्त भवन निर्माणको लागि ब्रिक कन्सल्ट प्रा.लि. कुपण्डोल ललितपुरले ड्रइङ डिजाइन तथा लागत अनुमान तयार गरेको थियो । ठेक्का सम्झौता भई निर्माण कार्य शुरु गरे पश्चात् भवनको डिजाइनमा र्‍याफ्ट फाउण्डेशनको सम्पूर्ण कार्य छुट भएको र सो कार्य नगरी माथिको निर्माण कार्य गर्न नसकिने व्यहोरा उल्लेख गरी रु. 8754936।28 (सम्झौता रकमको 68.30% बढी) को भेरियशन आदेश स्विकृत गरी संशोधित सम्झौता रु. 18188416।60 कायम गरेको छ । भेरियशनबाट थप भएका मुख्य आइटम निम्न छनः

| क्रस | कामको विवरण | ल.ई दर | शुरु सम्झौता | | भेरियशन पछिको परिमाण | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | | |
| 1. | ढुङ्गाको गार्हो 1:4 | 9658.22 | 71.78 | 7500 | 140.45 घमि | 95.64 |
| 2. | पिसिसि 1:2:4 | | 191.2 | 14000 | 439.73 घमि | 129.98 |
| 3. | फलामे छड | 22742 | 30.01 | 95100 | 64.59 मे.टन. | 115.16 |

८,७५४,९३६.२८

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, 2063 को दफा 54 मा सार्वजनिक निकाले भेरियशन जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाचवुझ गर्न लगाई समूहको सिफारिसको आधारमा भेरियशन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । दफा 5 क मा शुरु लागत अनुमानको 25 प्रतिशत भन्दा बढी फरक परी लागत अनुमान संशोधन गर्नुपरेमा त्रुटीपूर्ण डिजाइन गर्ने कार्य सलग्न पदाधिकारी वा परामर्शदातालाई कानून बमोजिम कारवाही हुने व्यवस्था छ । उक्त भेरिएशन आदेश शुरु सम्झौताको 72.24 प्रतिशत र सम्झौता रकमको 68.30 प्रतिशत बढीको भेरिएशन आदेश नगर प्रमुखबाट स्वीकृत भएको देखियो । कानून बमोजिम डिजाइन गर्ने परामर्शदातालाई कारवाही नभएको र नगरपालिकाको सर्वोच्च निकायबाट भेरिएशन आदेश स्वीकृत भएको नदेखिएकोले उक्त भेरिएशन आदेश नियम सम्मत नदेखिएको रु. | |
| ३१ | | | **भेरियसन आदेश**<br>तलकोट मुडभारा पशुपति सडक निर्माण गर्न के.एस.कालिका जे.भी.सँग 2076।12।2 मा 36 महिनाभित्र सम्पन्न गर्ने गरी मू.अ.कर समेत रु. 17968405।80 मा ठेक्का सम्झौता भई तेस्रो विलसम्म रु. 12480379।60 भुक्तानी गरेको छ । सम्झौतामा सवै प्रकारको माटो कटिङ 36556.52 घनमिटर रु. 65। का दरले र मध्यम प्रकारका चट्टान 4061.84 घनमिटर रु. 200। का दरले कटिङ गर्ने सम्झौता भएको थियो । तर तेस्रो विलसम्म माटो कटिङ 20083.84 घनमिटर र चट्टान कटिङ 4564.95 घनमिटर कार्य सम्पन्न गरेको देखियो । चट्टान कटिङको कार्य सम्झौता भन्दा 503.11 घनमिटर को रु. 100622। भेरिएशन आदेश स्वीकृत नभएको रु. | १००,६२२ |
| ३२ | | | **पूर्वनिर्धारित क्षतिपूर्ती**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 (1) मा सम्झौता अवधि भित्र कार्यसम्पन्न गर्न नसकिने भएमा निर्माण व्यवसायिले कारण खुलाई सम्झौताको म्याद सकिन कम्तिमा 21 दिन अगावै अवधि थप गर्न निवेदन दिनुपर्ने व्यवस्था छ । नियम 121 मा निर्माण व्यवसायिका ढिलाईका कारण सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न गर्न नसकेमा सम्झौता रकमको 0.05% प्रति दिन सम्झौता रकमको 10 % नवढ्नेगरी पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । म्याद थप सम्वन्धि देखिएका व्यहोरा देहायानुसार छ्नः | |
| ३२.१ | | | वडा नं ३ को हेल्थकेयर सेण्टर भवन निरमाण गर्न आर.बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्ससंग २०७८।१।१५ मा कार्य सम्पन्न गर्ने गरी रु.१७०५५५२ मा ठेक्का सम्झौता भएको थियो । निर्माण व्यवसायीले २०७८।१।१४ मा पेश गरेको निबेदनको आधारमा कार्यालयले २०७८।३।२० सम्म म्याद थप गरेको र सो अवधिसम्म रु.१६००९३५।४९ को बिल पेश गरी कार्य सम्पन्न गरेको | ६५,६६४ |

| | | | | |
|---|---|---|---|---|
| | | | छ । यसरी सम्झौता रकमभन्दा ९३.८७ प्रतिशत मात्रको कार्य गरेको भएपनि सम्पन्न देखाएको छ भने नियममा उल्लेखित अवधिभित्र निबेदन पेश नगरे पनि पूर्वनिर्धारित क्षतिपूर्ति समेत नलिई म्याद थप गरेको देखिएकोले सम्झौट्टा अनुसार सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले २०७८।३।२० सम्मको ७७ दिनको रु.६५६६४। पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने देखिएको रु. | |
| ३२.२ | | | वडा नं. ८ को हेल्थकेयर सेण्टर भवन निरमाण गर्न हरिश्चन्द्र निर्माण सेवा एण्ड सप्लायर्ससंग २०७८।१।१५ मा कार्य सम्पन्न गर्ने गरी रु.१५२९९११ मा ठेक्का सम्झौता भएको थियो । सो अवधिमा कार्य सम्पन्न नभएकोले निर्माण व्यवसायीले २०७८।१।१२ मा पेश गरेको निबेदनको आधारमा कार्यालयले २०७८।३।२० सम्म म्याद थप गरेको र सो अवधिसम्म रु.९२५०८९।४६ को बिल पेश गरेको छ । नियममा उल्लेखित अवधिभित्र निबेदन पेश नगरे पनि कार्यालयले पूर्वनिर्धारित क्षतिपूर्ति समेत नलिई म्याद थप गरेको देखियो । सो कार्य लेखापरीक्षण अवधिसम्म सम्पन्ननभएको र म्याद थप पनि भएको छैन । सम्झौता अनुसार सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले २०७८ आषाढ मसान्तसम्मको ६७ दिनको रु. ५७१३६।०० पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने देखिएको रु. | ५७,१३६ |
| ३३ | | | **मु अ कर कट्टी नगरेको**<br>मुल्य अभिबृद्धि कर ऐन, २०५२ (संशोधन २०७७) अनुसार सार्बजनिक निकायले करार अन्तर्गत खरिद गरी मुश्रअ.कर भुक्तानी गर्दा कर रकमको 50 प्रतिशत सम्बन्धित आपूर्तकको मु.अ.कर शिर्षकमा र बाँकी 50 प्रतिसत सम्बन्धित आपूर्तकलाई भुक्तानी दिनुपर्नेमा कार्यालयले ११ वटा वडा कार्यालयहरुको लागि आवश्यक कम्प्युटर, प्रिण्टर लगायतका उपकरणहरु कैलपाल कम्प्युटर सेल्स एण्ड स्पेयर (भ्याट नं. ११८५८०१८६) बाट खरिद गरी मु.अ. कर रु. १३१७७४।०० भुक्तानी गर्दा नियमानुसार कट्टा गर्नुपर्ने कर रु.६५८८७।०० कट्टा नगरेकोले कर दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु | ६५,८८७ |
| ३४ | | | **ईट्टाको दर विश्लेषण**<br>निर्माण सम्बन्धी स्वीकृत नर्म्स अनुसार सिमेण्ट र बालुवाको १M४ जोडाइ भएको इटाको गाह्रो लगाउने कार्यमा प्रति घ.मी. गाह्रो लगाउन लम्बाई २२४ एमएम, चौडाई १०८ एमएम र उचाई ५७ एम.एम. साइजको इटा ५६० गोटा लाग्ने र इटाको साइज, आकार घटी बढी भएमा सोही अनुपातमा इटाको परिमाण घटी बढी हुने गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। यस नगरपालिकाले निर्माणको लागि ठेक्का सम्झौता गरेका भवनहरुमध्ये हेल्थ केयर सेण्टर, केदारेश्वर उ.मा.बि. लगायतका भवनको लागत अनुमान तयार गर्दा एक घनमिटर गाह्रोमा ५६० गोटा ईँटा प्रयोग गर्ने गरी दर बिश्लेषण गरेको छ । शारदा मा.बि. भवनमा भने ५२० गोटा लाग्ने गरी दर बिश्लेषण गरिएको छ । कार्यालयले सबै भवनको लागि आवश्यक ईँटा कैलाली जिल्लाको जिल्ला दररेट अनुसार मुल्य राखी दरबिश्लेषण गरिएको छ । यस्तै प्रकारको भवन निर्माण गर्ने आदर्श गाउँपालिकाको प्रशासकिय भवनको लागत अनुमानमा तयार गर्दा प्रति घनमिटर ईँटाको | |

| | | | गाह्रोमा ४१८ गोटा र पूर्बीचौकी गाउँपालिकाको कार्यालय भवन तथा भगवती मा.बिद्यालयको भवन निर्माणको लागत अनुमान तयार गर्दा प्रति घनमिटर ४२० वटा इँटा लाग्ने गरी इँटाको गाह्रो लगाउने आइटमको दरबिश्लेषण गरेको देखियो । सबै स्थानीय तह तथा सँघिय तथा प्रदेश कार्यालयहरुले कैलाली जिल्लाको दररेट राखी ढुवानी जोडी इँटाको मुल्य कायम गरेको छ । इँटाको साइज र मुल्य समान रहेपनि उस्तै कामको लागि इँटाको संख्या बढी राखी दरबिश्लेषण गरी लागत अनुमान तयार गरेकोले बढी व्ययभार परेको देखिन्छ । नमूना छनौट गरी परीक्षण गरिएका देहायका ४ निर्माण कार्यमा प्रति घनमिटर गाह्रोमा ४२० गोटाले हिसाव गर्दा देहाय अनुसार ५२७४२ गोटा इँटा कम लाग्ने भई रु. ११५०१८६। र १५ प्रतिशत ओभरहेड सहित रु.१३२२७१४ लागत अनुमान कम हुने थियो । | |
|---|---|---|---|---|

| निर्माण कार्य | इँटाको गाह्रो घमि | प्रयोग भएको इँटा | लाग्ने इँटा गोटा | फरक इँटा गोटा | ल.ई. दर रु. | रकम |
|---|---|---|---|---|---|---|
| हेल्थकेयर सेण्टर वडानं. ३ | १९.०७ | १०६८० | ८०१० | २६७० | २१।४७ | ५७३२५ |
| केदारेश्वर उ.मा.बि. भवन | ५६.१५९ | ३१४५० | २३५८६ | ७८६४ | २३।७३ | १८६६१२ |
| शारदा मा.बि. भवन | २९४.६७६ | १५३२३२ | १२३७६ | २९४६८ | २१।४७ | ६३२६७८ |
| कार्यालय भवन | ९१.०१ | ५०९६६ | ३८२२४ | १२७४२ | २१।४७ | २७३५७१ |
| **जम्मा** | **४६०.९२** | **२४६३२८** | **१९३५८** | **५२७४४** | | **११५०१८६** |

इँटाको संख्या कायम गर्दा यथार्थ लाग्ने संख्या मात्र समाबेश गरी दरबिश्लेषण गर्नु पर्ने देखियो । साथै सम्झौतामा निर्माण सामग्रीको ल्याव टेष्ट गर्ने उल्लेख भएपनि ल्याव परीक्षण नगरेकोले इँटाको पनि गुणस्तर परीक्षण गर्नु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **बार्षिक खरिद योजना ।गुरु योजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु168147000। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **सवारी साधन खरिद**<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 8 थान दुई पांग्रे सवारि साधन खरिदमा रु 2465260। खर्च गरेको छ ।<br><br>सि.नं. \| सवारी साधन \| संख्या \| रकम<br>१ \| मोटरसाइकल \| 18 \| 2465260.0 | |
| ३७ | | | **निर्माण कार्यको गुणस्तर**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ)अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने, कालोपत्रे सडकककको परिक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतःनियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणला ्इ अनिवार्य गर्नु पर्दछ । | |
| ३८ | | | **आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयको प्रक्षेपण तथा ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । यो वर्ष पालिकाले आन्तरिक आय कूल रु ८5 लाख अनुमान गरेकोमा सोको138 प्रतिशत 1 करोड 17 लाख 63 हजार असुली भएको छ । आन्तरिक आय विस्तारको लागि राजस्व नीति तय गरी कार्यान्वयनमा ल्याइनु पर्दछ । | |
| ३९ | | | **गिट्टी, ढुङ्गा, बालुवाको करः**<br>स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ। सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन, 2077 को दफा 8 (1) मा प्राकृतिक स्रोत मध्ये आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तरको संकलनमा अनुसूचि-6 बमोजिम कर लगाई असुलउपर गर्ने व्यवस्था छ । सोही दफाको उपदफा 2 र 3 मा सम्बन्धित | २,०९६,६०४ |

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिका वा नगरपिलका वा उपमहानगरपालिकाले संकलन गर्ने गराउने र जम्मा भएको रकम गाँउपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले विभाज्य कोषमा राखी उक्त विभाज्य कोक्ष मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले संचित कवक्षमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सेती नदीको ढुङ्गा गिटि वालुवा संकलन कर वापत रु 5241513। आम्दानी गरी स्थानीय संचित कोषमा आम्दानी बाधेको छ । प्रदेशको आर्थिक ऐन, 2077 को व्यवस्था बमोजिम चालिस प्रतिशतले हुने रकम रु. 2096604। प्रदेश संचितकोषमा जम्मा गरेको देखिएन । कानूनको व्ययवस्था बमोजिम प्रदेश संचितकोषमा दाखिला गर्नुपर्ने रकम रु. | |
| ४० | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |
| ४१ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ११ वटा वडाबाट पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ४२ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू. 50100। कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । घ वर्गका निर्माण व्यवसायीहरुले वार्षिक रुपमा निर्माण ईजाजत नविकरण गर्नु पर्ने व्यवस्था छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाबाट निर्माण ईजाजत लिएका २ वटा निर्माण ब्यावसायीहरुले ईजाजत पत्र नविकरण गरेको देखिएन । पालिका क्षेत्रमा दर्ता भएका व्यवसायहरुको लगत अभिलेख राख्ने गरेको छैन । जसबाट नगरपालिकाले संकलन गरेको र वक्यौता व्यवसाय कर यथार्थता परीक्षण गर्न सकिएन । तसर्थ नगरपालिकाले आफ्**m**नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ४३ | | | **मूल्य अभिवृद्धि कर कट्टी**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७७।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. ९७०९१। कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएको रु.<br><table><tr><th>योजनाको नाम</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>३० प्रतिशत रकम</th></tr><tr><td>बृहत खानेपानी डिपीआर</td><td>केदार इन्जिनियरीङ लिमिटेड</td><td>864450.0</td><td>99450.0</td><td>29835.0</td></tr><tr><td>महाकाली माविको डिपिआर</td><td>शर्मा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.</td><td>796107.6</td><td>91587.60</td><td>27476.0</td></tr><tr><td>एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम</td><td>एफटी इन्जिनियरीङ कन्सल्टेन्सी डोटी</td><td>1152600.0</td><td>132600.0</td><td>39780.0</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>97091.0</td></tr></table> | ९७,०९१ |
| ४४ | | | **मु अ कर असुल नभएको**<br>मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(३)स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्रि गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने व्यवस्था छ । पालिकाले सुदूरपश्चिम कवाडी सप्लायर्सलाई रु. 50100। मा कवाडी ठेक्का लगाएकोमा मु.अ.कर रु. 6513। असुल गरेको देखिएन । कानून बमोजिम कर असुल गर्नुपर्ने देखिएको रु. | ६,५१३ |
| ४५ | | | **लागत सहभागिता**<br>नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर नगरपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ४६ | | | **आनुपातिक भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 (4) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम वापत भुक्तानी दिँदा लागत अनुमानमा रहेको जनसहभागिता अंश कट्टा गरेर मात्र दिनुपर्ने व्यवस्था छ । पालिकाले नदवाछ मतवोरा सौर्य सिँचाइ योजनाको सम्झौता बमोजिम रु. 948199। भुक्ती हुनेपर्नेमा रु. 51801।बढी रु. 1000000। सम्झौतामा उल्लेख भएको अनुपातमा कट्टी गरेको नदेखिएकोले बढी भुक्तानी भएको असुल गर्नुपर्ने देखिएको रु. | ५१,८०१ |
| ४७ | | | **अनुगमन प्रतिवेदन**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ९ क्रियाकलाप नम्वर २.७.१३.१३ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र **ICT Lab,** पुस्तकालयका लागि अनुदान एवं दुई कोठे भवन निर्माण कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाले देहायबमोजिमका विद्यालयलाई देहाय अनुसारको अनुदान दिएको पाईएकोमा पालिकाबाट अनुगमन गरेको नपाईएकोले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |

| सि.नं | विद्यालयको नाम | २ कोठे | शौचालय | पुस्तकालय | नविन प्रविधि | सिकाई | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | राधाकृष्ण मा.वि. | ०.०० | ०.०० | ०.०० | ५७०००० | ०.०० | ५७०००० |
| २ | केदारेश्वर मा.वि. | १५७८६०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १५७८६०० |
| ३ | राधाकृष्णमा.वि, गोप | ०.०० | ६१३९०० | ५७०००० | ०.०० | ०.०० | ११८३९०० |
| ४ | सिताराम मा.वि | ०.०० | ०.०० | ५७०००० | ०.०० | ०.०० | ५७०००० |
| ५ | भूवनेश्वरी आ वि | ०.०० | ०.०० | ०.०० | ५७०००० | ०.०० | ५७०००० |
| ६ | पञ्चोदय आ वि | ०.०० | ०.०० | ०.०० | ५७०००० | ०.०० | ५७०००० |
| ७ | दुर्गादेवी आ वि | ०.०० | ६१३९०० | ०.०० | ०.०० | ०.०० | ६१३९०० |
| ८ | सरस्वती आ वि | १५७८६०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १५७८६०० |
| ९ | सिद्धेश्वा मा वि | ०.०० | ०.०० | ५७०००० | ०.०० | ०.०० | ५७०००० |
| १० | लाटामाण्डौ मा वि | ०.०० | ०.०० | ०.०० | ५७०००० | ५७०००० | ११४०००० |
| **जम्मा** | | | | | | | **८९४५०००** |

४८

**शिक्षक दरबन्दि पदपूर्ती**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 64 सामुदायिक विद्यालयहरुमा 291 जना शिक्षक दरवन्दी रहेकोमा स्थायी 141 र करार 147 सहित 288 जना पदपूर्ति भएको देखियो । कूल 9564 जना विद्यार्थीको संख्या रहेकोमा प्रति शिक्षक विद्यार्थी अनुपात 1:33 देखिन्छ ।पेश भएको विवरण अनुसार देहायका विद्यालयमा औसत अनुपात भन्दा बढी शिक्षक दरवन्दी देखिन्छ ।

| विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|
| कलापतेश्वर आवि | 3 | 47 | 1:16 |
| भागेश्वरी आवि | 2 | 26 | 1:13 |
| मालिका आवि | 3 | 50 | 1:17 |
| काफलेश्वर आवि | 5 | 74 | 1:15 |
| काफली आवि | 2 | 32 | 1:16 |
| विपी आवि | 3 | 45 | 1:15 |
| पाडाखेती आवि | 2 | 16 | 1:8 |
| सरस्वती मावि | 16 | 295 | 1:18 |
| सरस्वती आवि सुर्काल | 7 | 92 | 1:14 |
| पञ्चशिला आवि | 4 | 80 | 1:20 |
| महालेव आवि | 3 | 61 | 1:20 |
| उग्रतारा आवि | 2 | 18 | 1:9 |
| समैजी आवि | 3 | 58 | 1:19 |
| मल्सीमि आवि | 3 | 48 | 1:16 |
| काफ्लेश्वर आवि लटौला | 2 | 27 | 1:14 |
| कृष्णनगर आवि | 4 | 53 | 1:13 |

| | | | | |
|---|---|---|---|---|
| | | | न्यून विद्यार्थी रहेका विद्यालयलाई मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यक्ता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार गर्ने तर्फ नगरपालिकाको ध्यान जान आवश्यक देखिन्छ। | |
| ४९ | | | **थप व्ययभार**<br>पालिकाले पेश गरेको विवरण अनुसार 16 वटा विद्यालयमा विधार्थी शिक्षक अनुपात पालिकाको औसत भन्दा बढि भएको देखियो । पालिकाले उक्त विद्यालयहरुबाट बढी भएका शिक्षकहरुबाट दरवन्दी मिलान गरी पठन पाठन गर्नुगराउनु पर्नेमा महाकाली मावि वडा नं. 2 लाई शिक्षक अनुदान वापत भौचर नं. 154-077/9/20 बाट रु. 250000। अनुदान खर्च लेखेको नियमसम्मत देखिएन । पालिकाले यस्तो कार्यमा सुधार गर्नुपर्दछ । | २५०,००० |
| ५० | | | **शिक्षकको तलब भत्ता निकासा** | |
| ५०.१ | | | शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि<br>आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको<br>रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको<br>छः | |
| ५०.२ | | | - शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ अनुसार स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलबी प्रतिवेदनको अधकारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । पालिकाले आ.व. २०७७।७८ मा नगरपालिका भित्रका सम्पूर्ण शिक्षकको तलबी प्रतिवेदन प्रथम चौमासिकमा पारीत नगराई विद्यालयले माग गरेको मागको आधारमा तलव भत्ता भुक्तानी गरेको छ ।शिक्षक किताबखानाबाट मिती २०७७।०९।२२ मा पारीत तलवी प्रतीवेदन परिक्षण गर्दा देहायका शिक्षकहरुको नाममा पारीत ग्रेड संख्या भन्दा देहायअनुसाको बढी ग्रेड भुक्तानी दिएको पाईयो । अतः उक्त बढि निकासा रकम सम्वन्धितबाट असूल गरि संचित कोष दाखिला हुने रु. | ११८,९८७ |

| सि.नं | शिक्षक | विद्यालय | पारीत ग्रेड | निकासा | बढि निकासा | चौमासिक |
|---|---|---|---|---|---|---|
| १ | जयराज जोशी | केदारेश्वर मा वि | ५६४०.०० | ६५८०.०० | ९२१२.०० | प्रथम र तेस्रो |
| २ | मान बहादुर लोहार | भागेश्वर आ वि | ५३२२.०० | ६२०९.०० | ४७९०.०० | प्रथम |
| ३ | गणेश ब. कठायत | भवानी आ वि | ०.०० | ३६००.०० | १९४४०.०० | प्रथम |
| ४ | ठेकराज जोशी | शारदा मा वि | ८४००.०० | ९६००.०० | ११७६०.०० | प्रथम र दोस्रो |
| ५ | टेक बहादुर साउद | राधाकृष्ण मा वि | ४७००.०० | ५६४०.०० | १३३४८.०० | प्रथम,दोस्रो र ते |
| ६ | धर्मदेव चुनारा | सरस्वति मा वि | २६६१.०० | ३१०५.०० | ६३०४.०० | प्रथम,दोस्रो र ते |
| ७ | यज्ञ ब. कठायत | गणेश आ वि | ५६४०.०० | ६५८०.०० | ५०७६.०० | प्रथम |
| ८ | लोकराज पन्त | सिताराम मा वि | ०.०० | ७५७८.०० | १०७६०७.० | प्रथम,दोस्रो र ते |
| ९ | मान ब.राउत | काल्फेश्वर आ वि | ५३२२.०० | ६२०९.०० | ८६९२.०० | प्रथम र तेस्रो |
| १० | रामचन्द्र फुलारा | भूमिराज आ वि | ६५८०.०० | ७५२०.०० | ५०७६.०० | प्रथम |
| ११ | डमरुदेव फुलारा | भूमिराज आ वि | ०.०० | ७५२०.०० | ५०७६.०० | प्रथम |
| १२ | दुर्गा प्र. पाण्डे | वानिडुग्रा आ वि | ०.०० | ६५८०.०० | ९३४३६.०० | प्रथम,दोस्रो र ते |
| १३ | गगन ब. बलायर | जनजागृती आ.वि | ५३२२.०० | ६२०९.०० | ४७८९.०० | प्रथम |
| **जम्मा** | | | | | **२९४६०६.०** | |

**कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको क्रम संख्या १, २, ३, ४, ५ ,७, ९, ११, १२ र १३ का जम्मा १० जना शिक्षकहरुको नाममा रहेको कुल रकम रु १,७५,६१९। मिति २०७९।१।११ मा फछ्यौंट भएकोमा NAMS**

| | | | | |
|---|---|---|---|---|
| | | | **Digitization गर्दा अभिलेख देखिने सम प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।** | |
| ५१ | | | **सेनेटरी प्याड खरिद** | |
| ५१.१ | | | सामुदायीक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गर्ने उदेश्य अनुसार नगरपालीकाले वालाजी सर्जिकल सप्लायर्स सँग खरीद सम्झौता गरी रू. १८९०४९०।- को सेनीटरी प्याड खरीद भएको छ । सो सम्वन्धि देखिएका ब्यहोराहरु निम्नानुसार छन् । | |
| ५१.२ | | | आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा ३५(१) मा प्रत्येक कार्यालयले सवै प्रकारका आयव्यय तथा कारोवारको तोकिए वमोजीमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । नगरपालीकाले सामुदायीक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गर्ने उदेश्य अनुसार वालाजी सर्जिकल सप्लायर्स सँग वोलपत्रको माध्यमवाट खरीद गरेको भनी गो.भौ. १९८।०७८।०३।१७ बाट रु.१८९०४९०.०० भुक्तानी दिएको पाईयो ।तर पालीकाले सो सेनिटरी प्याडको खरीद प्रकृयाको फाईल लेखापरीक्षणमा पेश हुन आएन । जसले गर्दा खरीद प्रकृया प्रतिशपर्धात्मक, मितव्ययी र पारदर्शी छ भनी आश्वस्त हुन सकिएन । अतः सो खरीद प्रकृयाको कागजात, फाइल पेश गरी परीक्षण गराउनुपर्ने रु. | १,८९०,४९० |
| ५१.३ | | | **अभिवृद्धि कर शत प्रतिशत भुक्तानी गरेकोः** मूल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अन्तर्गत वस्तु आपूर्ति वापतको मूल्य अभिवृद्धिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ। साथै आर्थिक ऐन २०७८ अनुसार मिति २०७७।०२।१६ देखि ३० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्ने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । पालीकाले उक्त व्यवस्था वमोजिम२०७७।०२।१६बाट ३० प्रतिशत मू.अ.कर रकम स्वयम कार्यालय मार्फत नै राजस्व दाखिला गर्नु पर्नेमावालाजी सर्जिकल सप्लायर्स सँग वोलपत्रको माध्यमवाट खरीद गरेको रकम रु. १८९०४९०.०० मा लाग्ने | ६५,२४७ |

| | | | | |
|---|---|---|---|---|
| | | | मूल्य अभिवृद्धिकर रकम रु.२१७४९०.०० को ३० प्रतिशतले हुन आउने रकम रु. ६५२४७.०० कट्टा गरेर मात्रै भुक्तानी दिनुपर्नेमा शत प्रतीशत रकम नै भुक्तानी दिएको पाईयो । अतः सो रकमको सम्वन्धित आन्तरीक राजश्व कार्यालयवाट सो मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु. | |
| ५२ | | | **दिवा खाजा व्यवस्थापन**<br>विद्यालय दिवाखाजा व्यवस्थापन सहयोगी पुस्तिका, २०७७ को सि.नं ५ मा पहिलो चौमासिकमा अध्ययनरत विधार्थी संख्या तथा त्यस चौमासिकमा अनुमानित कक्षा संचालनहुने दिन समेतलाई आधार मानि विद्यालय व्यवस्थापन समितीको निर्णय एवं सिफारीसको आधारमा विद्यालयले स्थानिय तहमा निकासाको लागि माग गर्नुपर्ने उल्लेख छ । यसरी माग गर्दा विद्यालय बन्द भएको अवधिलाई कटाएर कर्णालीका पाँच जिल्लामा कक्षा पाँच सम्मका विद्यार्थीको लागि प्रति विद्यार्थी रु.२० का दरले र अन्य सवै जिल्लाहरुमा प्रति विद्यार्थी रु.१५ का दरले माग गर्नुपर्ने एवं दोस्रो एवं तेस्रो चौमासिक माग गर्दा विद्यार्थीको हाजिरी समेत पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा दिवाखाजा कार्यक्रममा गो.भौ.२७५।०७८।०३।२७ बाट विभीन्न ५६ विद्यालयहरुलाई रु. ४७६७५२५.०० निकासा दिएको पाईयो । तर पालिकाले विद्यालयहरुको मागको अधारमा नभई एकमुष्ठ रुपमा विद्यार्थी संख्याको आधारमा मात्रै निकासा दिएको पाईयो जसले गर्दा सो निकासा रकम यथार्थपरक थियो भनी आश्वस्त हुन सकिएन । अतः विद्यालयदिवाखाजा व्यवस्थापन सहयोगी पुस्तिका, २०७७ मा भएको व्यवस्था बमोजीम निकासा दिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५३ | | | **सृजनशील विकास समाजबाट कार्यः**<br>सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने व्यवस्था छ । नगरपालीकाले व्यक्तीगत घटना दर्ताको लागि दर्ता किताव डिजीटाईजेशन गर्ने भनी लागत अनुमान वेगर नै एक मात्र फर्मसृजनशील विकास समाज नेपालसँग मात्रै मिती २०७७।६।३० दरभाउपत्र माग गरेको पाईयो । सो फर्मले पेश गरेको दरभाउ रकम रु. ३३९७५०। लाई नै पालीकाले सकार गरि ३ महिना भित्र नै कार्यसम्पन्न गर्नेगरी मिती २०७७।७।२० मा सम्झौता गरी गो.भौ. ३७ बाट पेश्कि दिएको र गो.भौ. १५५-०७८।२।२२ बाट फछ्यौंट भुक्तानी दिएको पाईयो । आर्थिक ऐन २०७८ को व्यवस्था अनुरुप ३० प्रतिशत मू अ कर सम्वन्धित फर्मवाट रु.३९०८७।२९ कट्टा गरी राजश्व दाखिला गरी सम्वन्धित आन्तरीक राजश्व कार्यालयमा जानकारी दिनुपर्नेमा पालीकाले कट्टा गरेको नपाईएकोले सो को मू अ कर समायोजन प्रमाण पेश हुने रु. | ३९,०८७.२९ |
| ५४ | | | **पारिश्रमिक कर**<br>आयकर नियमावली, २०५९ मा रोजगार आय प्राप्त गर्ने करदाताबाट वार्षिक रुपमा संकलन हुने रकममा दामासाहीको दरले भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको अनुसूची १ बमोजिम करको दर निर्धारण गरी कर कट्टी गरेर मात्रै पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालीकाले कविराज छैठौं राम प्रताप शाहको वार्षिक करयोग्य आय रु. १२६४६४।८० मा वार्षिक कर रु.१५२९२.९६ कट्टा गर्नुपर्नेमा रु. ५६८८। मात्रै कट्टा गरेको पाईयो । अतः कम कर कट्टा भएको रकम रु. ९६०४।९६ सम्वन्धितबाट असूल हुनुपर्ने रु. | |


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | **कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ९६०४।९६ मिति २०६९।१।११ मा फछ्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।** | |
| ५५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमानहर निर्माण,सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका विभीन्न ५४ वटा कार्यक्रम सञ्चालन गरी७३४ जनालाई रोजगारी उपलव्ध गराई श्रमिक ज्याला र कार्यक्रम खर्च समेतमा रू. २८३७२५३४।खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट एवं बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ ।अतः वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ । | |
| ५६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमको पारिश्रमिक भुक्तानि**<br>कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ५ बुँदा २१ ९१० अनुसार स्थानीय तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएका ५४ वटा योजनाको ज्याला वापतको रकम रू। २८३७२५३४।( खर्च गरेकोमा सम्बन्धित श्रमिकको वैंक खातामा भुक्तानी नगरी अधिकांश रकम रोजगार उपभोक्ता समितिको खातामा भुक्तानी गरेको छ । जसले गर्दा सम्बन्धित श्रमिकहरुले पारिश्रमिक वापतको रकम प्राप्त गरेको एकिन हुदैन। कार्यविधिले तोकेको प्रक्रिया अवलम्बन गरी सम्बन्धित श्रमिकको बैँक खातामा सोझै तलब भुक्तानी गर्नुपर्दछ । | |
| ५७ | | | **कार्यसम्पन्न प्रतिवेदन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेमा अन्तिव विल तयार हुने वितिकै कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेबाट निर्माण व्यवसायी कानूनी दायित्व बाट मुक्त हुने गरेको देखियो । | |
| ५८ | | | **सार्वजनि परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ५९ | | | **बिमा गराउनु पर्ने**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिए बमोजिम बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बीमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बीमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बीमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर मात्र निर्माण कार्यको थालनी गर्नुपर्दछ । | |
| ६० | | | **दररेट विश्लेषण**<br>स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 13 मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथाअन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्ने र प्रत्येक आर्थिक वर्ष शुरुहुनुभन्दा 15 दिन अगावै तोक्नुपर्ने व्यवस्था छ । पालिकाले व्यवस्था बमोजिम न्यूनतम दररेट तोकेके देखिएन । दररेट नतोकेको कारण निर्माण सामग्री सिमेण्टको स्थानीय बजारमा रु. 850। देखि रु. 950। मा पाइनेमा धनगढीको दररेट अनुसार प्रतिवोरा रु. 850। र ढुवानी भाडा जोडी रु. 100। देखि माथी दर विश्लेषण गरी सोही बमोजिम भुक्तानी भएको देखियो । पालिकाले ऐनको प्रावधान बमोजिम स्थानीय दररेट निर्धारण नगर्दा योजनाहरुको लागत बढेको देखियो । ऐनको प्रावधान बमोजिम दररेट निर्धारण गरी लागत कम गर्नुपर्दछ । | |
| ६१ | | | **प्रमाण**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा 28 मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको खरिद गर्दा ऐन बमोजिम दाखिला गरेको, वितरण गरेको र नापजाँच गरेको प्रमाण पेश भएको नदेखिएकोले तल उल्लेखित प्रमाण पेश गर्नुपर्ने रु. | १,६१६,९८२ |

| क्र.स. | भौ.नं./मिति | विवरण | रकम | प्रमाण पेश हुनुपर्ने |
|---|---|---|---|---|
| १. | 168-077/12/24 | वडा नं. 10 को पाइप खरिद | 299961.0 | प्रयोग भएको स्थानको नापी भएको प्रमाण/भरपाई |
| २. | 171-077/12/24 | पाइप खरिद | 399459.0 | प्रयोग भएको स्थानको नापी भएको प्रमाण/भरपाई |
| ३. | 357-078/3/6 | पाइप खरिद | 492216.0 | प्रयोग भएको स्थानको नापी भएको प्रमाण/भरपाई |
| ४. | 394-078/3/18 | पाइप खरिद | 139940.0 | प्रयोग भएको स्थानको नापी भएको प्रमाण/भरपाई |
| ५. | 166-077/9/26 | हरिशचन्द्र शाहलाई भुक्तानी | 129720.0 | खर्च पुष्ट्याई हुने विल विजक पेश हुनुपर्ने । |
| ६. | 201-077/10/14 | मर्मत खर्च भुक्तानी | 146568.0 | म.ले.प.फा नं. 415 मा अभिलेखिकरण गर्नुपर्ने । |
| ७. | 66-077/10/26 | मर्मत खर्च भुक्तानी | 285406.0 | मर्मत आदेश संलग्न गरी म.ले.प.फा नं. 415 मा अभिलेखिकरण गर्नुपर्ने । |
| ८. | 131-077/9/13 | मर्मत खर्च भुक्तानी | 50194.0 | मर्मत आदेश संलग्न गरी म.ले.प.फा नं. 415 मा अभिलेखिकरण गर्नुपर्ने । |
| | जम्मा | | 1943464 | |

**कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको क्र सं ५,६ र ८ को कुल रकम रु ३२६४८२। मिति २०७९।१।११ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिने सम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।**

६२ **सिपमुलक तालिम** ५००,०००

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा 24 को उपदफा 2 मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यववस्था छ । पालिकालेरु 10 लाखको लागत अनुमन तयार गरी कोटेशन मार्फत 10 जनाको लागि उग्रतारा ड्राइभिङ सेन्टर अमरगढी डडेलधुरालाई रु. 10 लाखमा सम्झौता गरी भौचर नं. 245-078/1/16 बाट भुक्तानी गरेको देखियो । साथै भौचर नं. 262-077/12/12 बाट सोही उग्रतारा ड्राइभिङ सेन्टरलाई ६ जनाको रु. 300000। र भौचर नं. 376-078/2/17 बाट 7 जनाको रु. 350000। भूक्तानी दिएको देखियो ।यसरी हेर्दा प्रति व्यक्ति रु. 50000। को दरले भुक्तानी भएको देखिन्छ । पालिकाले 10 जनालाई पहिलो पटक तालिममा सहभागी गराउदा प्रति व्यक्ती रु. 1 लाखका दरले भुक्तानी गरेको छ । एउटै तालिमको लागि उहि फर्मबाट 2 महिनाको फरकमा काम गर्दा 10 जनाको रु. 50 हजारको

| | | | | |
|---|---|---|---|---|
| | | | दरले बढी व्याय हुने गरी लागत अनुमान तयार गरी भुक्तनी दिनु मितव्ययी देखिएन । साथै एउटै कार्यक्रमलाई टुक्रा पारी पटक पटक खरिद गर्नु सार्वजनिक खरिद ऐनको प्रावधान विपरीत देखिन्छ । खरिद कानून बमोजिम कार्य नगरी 10 जनाको लागि रु. 50 हजारको दरले हुने बढी भुक्तानी देखिएको रु. 500000। असुल गरी स्थानीय संचितकोषमा जम्मा गर्नुपर्दछ । | |
| ६३ | | | **सोझै सेवा खरिद**<br><br>:<br>सार्वजनिक खरिद नियम २०६४ को नियम ९५ मा जिल्ला स्तरको सार्वजनिक निकायको हकमा रु पाँच लाख भन्दा बढीको सेवा करारमा लिनु पर्दा स्थानीय स्तरको पत्रिका १५ दिनको सूचना प्रकाशन गरी खुला प्रतिस्पर्धा गराई लिनु पर्ने व्यवस्था छ । पालिकाले एम्बुलेन्स नगरबस तथा टिप्पर लगाएत ७ जना चालक तथा सहचालकहरुलाई सोझै नियुक्त गरी रु १८९६०००।को सेवा करारमा लिदा नियमावलीको उल्लिखित प्रावधानको पालना भएको नदेखिएकोले नियमित गर्नु पर्ने रु | १,८९६,००० |
| ६४ | | | **भ्रमण खर्च**<br><br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>· अधिकांश भ्रमणको उद्धेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>· पदाधिकारी र कर्मचारीहरुले विभिन्न कार्यक्रममा सहभागि हुन जाँदा निजि सवारी धनी सँग सम्झौता गरी भाडा बापतको रकम भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्धेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ६५ | | | **सुरक्षित आवास** | ८१७,००० |

<table>
<tr><td></td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यान्वियन कार्याविधि, 2075 को दफा नं. 5 मा छनौट भएका लाभग्रहीले सम्वन्धित स्थानिय तहले सिफारिस गरेको बैंक खाता खोल्नुपर्ने र स्थानीय तहले लाभग्रहीलाई जस्तापाता, काठ लगायतको निर्माण सामग्री खरिद गर्न प्रथप किस्तामा 60% र दोस्रो किस्तामा 40% अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था छ । लाभग्राहीले प्राप्त गरेको प्रथम किस्ताको रकमबाट निर्माण सामग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी स्थानीय तहको प्राविधिकबाट प्राविधिक प्रतिवेदन पेश भएपछि अन्तिम किस्ता भुक्तानी गर्नुपर्ने र प्राप्त अनुदान अन्य प्रयोजनमा खर्च गरेमा असुलउपर गर्नुपर्ने व्यवस्था छ ।<br>यस पालिकालको 2078/2/19 को बैठकले आवासमा क्षति पुगेको आर्थिक सहायत दिने निर्णय गरेको आधारमा वडा नं. 8 का राम बहादुर वलायरलाई रु. 1 लाख, 2 जनालाई रु. 30 हजारका दरले रु. 60 हजार, 4 जनालाई रु. 25 हजारका दरले, 10 जनालाई रु. 20 हजारका दरले, 1 जनालाई रु. 17 हजार, 10 जनालाई रु. 10 हजारका दरले, 5 जालाई रु. 12 हजारका दरले, 13 जनालाई रु10 हजारका दरले समेत 46 जनालाई रु. 817000। मा 1 प्रतिशत कर रु. 8170। कट्टा गरी रु. 808830। रकम भुक्तानी गरेको पाइयो । निजहरुलाई सम्झौता गरी प्रथम किस्ता वापतको रकम सम्वन्धित व्यक्तिको बैक खातामा पठाउनुपर्ने र निर्माण सामग्री खरिद गरी कार्य सम्पन्न गरेको प्रतिवेदन लिनुपर्नेमा प्रतिवेदन वेगर नगद नै भुक्तानी गरेको देखिएकोले उक्त भुक्तानी नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>बिज्ञापन छुट<br>सरकारी स्वामित्वमा रहेको गोरखापत्र संस्थानले विभिन्न मितिमा सरकारी निकायहरुबाट प्राप्त हुने विज्ञापनमा 25 प्रतिशत छुट दिने व्यवस्था गरी सूचना प्रकाशित गरेको र सरकारी निकायलाई सो बमोजिम छुट प्राप्त हुनेगर्दछ । पालिकाले देहायका भौचरबाट न्यून प्रतिशत छुट गरी भुक्तानी दिएको देखियो। पालिकाले विज्ञापन छुट लिदा न्यूनतम 25 प्रतिशत लिनु पर्नेमा सो नगरी बढी व्ययभार परेको देखिएयो ।<br><table><tr><th>क्रस</th><th>विज्ञापन दिएको फर्म</th><th>भुक्तानि रकम</th><th>25% छुट अपुग रकम</th></tr><tr><td>1.</td><td>5-077/3/20 मिसन भ्यू मेडिया प्रालि</td><td>168000.0</td><td>42000.0</td></tr></table></td><td></td></tr>
<tr><td>६७</td><td>३२१</td><td>२०७८-१-१</td><td>बैठक भत्ता<br>बाट पालिकाको वडा नं. 11 को पदाधिकारी बैठक भत्ता वितरणमा 2077/6/24 गते सोमवार वसेको बैठकमा वडा सदस्यहरु खड्क बहादुर किमाडी, कलावती वोहोरा र पवी लोहारको सहिछाप वेगर बैठक भत्ता वितरण भएकोले निजहरुबाट कर वाहेक रु. 850। का दरले रु. 2550। असुल हुनुपर्दछ । साथै वडा नं. 6मा 077/5/2 को बैठकमा मिना लोहार र 077/10/22 को बैठकमा सिद्धराज फुलाराको उपस्थितिमा सहिछाप नभइ बैठक भत्ता वितरण भएको देखिएकोले निजहरुबाट रु 850। का दरले जम्मा रु 1700। असुल हुनुपर्दछ ।</td><td>४,२५०</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ बढी निकासा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर नगरपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरेको र लाभग्राहीको लगत कट्टा गरी लगत अधावधिक गर्नेगरेको पाइ]]एन । अतः सो सम्वन्धमा सुधार हुनुपर्ने देखिन्छ । | |
| ६९ | | | **विवरण अद्यावधिक**<br>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदाँ न १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले सूचना व्यवस्थापन प्रणाली अद्यावधिक गरेको छैन । सूचना व्यवस्थापन प्रणालीलाई अध्यावधिक गरी आन्तरिक नियन्त्रण पक्ष प्रभावकारी बनाउनु पर्दछ। | |
| ७० | | | **बैंक मार्फत भत्ता वितरण**<br>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ । तर नगरपालिकाले प्रथम चौमासिक अवधिसम्म पनि सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण नगरी सम्वन्धित वडा सचिव मार्फत् वितरण गरेको पाईयो । | |
| ७१ | | | **भत्ता वितरणको प्रमाण**<br>नगरपालिकाले दोश्रो चौमासिक निकासा गो.भौ. ५।०७८।०१।०५ बाट रु. ४००७०१२०.०० एवं तेस्रो चौमासिक निकासा गो.भौ. ७, ८-०७८।३।२४ बाट रु. ४०३६९८१९.०० गरी जम्मा रु. ८०४३९९३९.०० एभरेष्ट बैंक मार्फत निकासा दिएको पाईयो । यसरी बैंकलाई दिईएको निकासा रकम आर्थीक बर्षको अन्तिम सम्ममा के कती लाभग्राहीले बुझे र के कती लाभग्राहीले नबुझी बैंक खातामा नै बाँकि रहेको छ सोको विवरण बैंकले पेश गरेको पाईएन ।अतः शसर्त अनुदानको ऊक्त रकमको विवरण बैकले पेश गरी फरफारक गर्नुपर्ने देखिएको रु.<br>**कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ८,४०,३९,९३९। मिति २०७९।१।११ मा फछ्र्यौट भएकाले NAMS Digitization गर्दा अभिलेख देखिनेसम्मका लागि यहाँ दर्शाइएको हो ।** | |
| ७२ | | | **बैंक खाता नम्बर नभएको**<br>नगरपालिकाले दोश्रो एवं तेस्रो चौमासिक निकासा दिंदा बैक खाता मार्फत निकासा दिएको भएतापनी देहाय लगायतका कतीपय लाभग्राहिहरुको बैंक खाता नम्वर नै उल्लेख नगरी निकासा दिएको देखियो । जसले गर्दा वास्तवीक लाभग्राहिको नाममा रकम निकासा भयो भएन र निकासा हुनुपर्ने लाभग्राहिको नाममा नै | |

रकम निकासा भए नभएको यकिन हुन सक्ने अवस्था भएन। अतः सो सम्वन्धमा सुधार हुनुपर्ने देखिन्छ।

| सि.नं | नाम | परीचयपत्र | निकासा | कैफियत |
|---|---|---|---|---|
| १ | ईश्वरादेवी सार्कि | २००७१०१२०१५०२ | ९०००.०० | बैक खाता वेगर निकासा |
| २ | लक्ष्मी कामी | २००७०८०५०१४९३ | ११०००.०० | " |
| ३ | श्रीमती वासुदेवी शर्मा | १९९३१२०४००६६३ | १२०००.०० | " |
| ४ | लक्ष्मी भूल सार्कि | २००३०७२५००९४७ | ८०००.०० | " |
| ५ | दामरी भाट | २०१३०४०९००८०६ | ८०००.०० | " |

७३

**लगत कट्टा**

लाभग्राहिहरुको मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिने व्यवस्था छ। तर पालिकाले सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी उपयोग नगरेकोले घटना अभिलेख दुरुस्त भएको अवस्था छैन। सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी उपयोग हुनु पर्दछ।

७४

**बढी भुक्तानि**

नगरपालिकाले दोश्रो एवं तेस्रो चौमासिक निकासा दिंदा बैक मार्फतदिएकोमा देहायका लाभग्राहिको नाममा जेष्ठ नागरिकको अवधि नपुग्दै एवं एक लाभग्राहिको एक भन्दा बढि खाताबाट समेत रकम निकासा दिएको पाईयो। अतः निकासा एवं लगत अध्यावधिक गर्नुपर्ने साथै उक्त बढी निकासा रकम सम्बन्धितबाट असुल गरी संचित कोष दाखिला हुनुपर्ने देखिएको रु. ६३,०००

| सि.न. | परीचयपत्र | नाम | वडा | निकासा हुने | निकासा भएको | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१३९९ | भग बोगटी | ३ | ४५००.० | ९०००.० | ४५००.० | दो.चौमासिक बढी |
| २ | ०१०४३ | भग बोगटी | ३ | ०.०० | १२०००.० | १२०००.० | ते. चौ. दोहोरो |
| ३ | ०१०५२ | भग बोगटी | ३ | ०.०० | ९०००.० | ९०००.० | ते.चौ. तेहेरो |
| ४ | ०१०९४ | हरी बोगटी | ३ | ०.०० | १२०००.० | १२०००.० | ते.चौ. दोहोरो |
| ५ | ०१४९२ | देउसरा भूल | १ | ४८००.० | ९०००.० | ४२००.० | दो.चौ. बढी |
| ६ | ००६३५ | जोगी धामी | १ | १०६००.० | १२०००.० | १४००.० | दो.चौ. बढी |
| ७ | ००४६७ | कुरी धामी | १ | ४२००.० | ९०००.० | ४८००.० | ते.चौ. दोहोरो |
| ८ | ००६१५ | गोट्टे भुल | ६ | ४६००.० | ९०००.० | ४४००.० | ते.चौ. दोहोरो |
| ९ | ०१७०३ | कमले लोहार | ८ | ७५००.० | १००००.० | २५००.० | ते.चौ. दोहोरो |
| १० | ०२९२६ | वोडे लोहार | १० | ९०००.० | १२०००.० | ३०००.० | ते.चौ. दोहोरो |
| ११ | ००४९८ | मन्दाकिनी जोशी | ४ | ३८००.० | ९०००.० | ५२००.0 | ते.चौ. दोहोरो |
| **जम्मा** | | | | | | **६३०००.०** | |

| | | | | |
|---|---|---|---|---|
| ७५ | | | **पेश्कि**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 47 मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफुले सम्पन्न गरेको कामको सम्वन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजात सहितको प्रतिवेदन सहित सम्वन्धित कार्यालयमा पेश गरी फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण बमोजिम देहाय बमोजिम पेश्की बाँकी रहेको देखियो । कानून बमोजिम समयमा पेश्की फर्छ्यौट गर्नुपर्दछ । | १७,७४३,४०० |

| क्रस | पेश्की विवरण | विवरण | रकम रु |
|---|---|---|---|
| **1.** | पञ्चोदय आवि वडा नं. 4 | २ कोठे भवन | 597000.0 |
| **2.** | सरस्वती आवि | विद्यालयमा धारा सहित शौचालय | 107000.0 |
| **3.** | सरस्वती आवि | 2 कोठे भवन/फर्निचर | 490000.0 |
| **4.** | सिद्वेश्वर मावि | 2 कोठे भवन/फर्निचर सहित | 597000.0 |
| **5.** | भुवनेश्वर मावि | 2 कोठे भवन/फर्निचर सहित | 597000.0 |
| **6.** | शिवशक्ति आवि | 2 कोठे भवन/फर्निचर सहित | 597000.0 |
| **7.** | शारदा आवि | 2 कोठे भवन/फर्निचर सहित | 597000.0 |
| **8.** | आलि खेलकुद मैदान | 165-077/4/12 | 114000.0 |
| **9.** | ओम सिमाय कन्ष्ट्रक्सन एण्ड सप्लायर्स | सडक निर्माण | 200000.0 |
| **10.** | थानी निर्माण सेवा | विद्यालय भवन निर्माण | 5000000.0 |
| **11.** | के.एस.कन्ष्ट्रक्सन प्रा.लि. | अस्पताल भवन निर्माण | 8847400.0 |
| **12.** | | | 17743400 |

७६

अनुगमन

गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन,सोझै खरिद,बिल भरपाई,स्रेस्ता पेश नभएको,बैङ्क समायोजन, अग्रिम कर,बढी भुक्तानी,अधुरो निर्माण,नभएको कामको भुक्तानी,कर वीजक,सवारी साधन खरिद,ठेक्का स्वीकृति

| | | | | |
|---|---|---|---|---|
| | | | र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । | |
| ७७ | | | अद्यावधिक बेरुजू<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| | | | | |